संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार
उच्चायुक्तको कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

प्रेस विज्ञप्ति – २०६६ चैत १२

---

## एक बालिकासहित तीन महिलाको बर्दियामा भएको मृत्युबारे संयुक्त राष्ट्रसङ्घ चिन्तित

चैत १२, काठमाडौं।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल) बर्दिया राष्ट्रिय निकुञ्जमा २०६६ फागुन २६ गते एक १२ वर्षीय बालिकासहित तीन महिलाको मृत्यु भएकोमा अत्यन्त चिन्तित छ र नेपाली सेना तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरूको पूर्ण सहयोगमा सम्बद्ध अधिकारीहरूले उचित अनुसन्धान पूरा गर्नु अत्यावश्यक छ भन्ने ठान्दछ।

नेपाली सेना तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरू बर्दिया राष्ट्रिय निकुञ्जमा अवैध सिकारी भनिएकाहरूविरुद्ध घातक बल प्रयोग गरिएको एउटा घटनामा संलग्न भएको दुई सातापछि, सम्बद्ध राज्यअधिकारीहरूले कानुन तथा आफ्नो कार्यदिशअनुसार आफ्नो अनुसन्धान पूरा गर्न सकेनन्। सन् २००७ मा संशोधन गरिएको सैनिक ऐनले नेपाली सेनाका अधिकारीद्वारा भएको भनिएका गैरकानुनी हत्याका घटनाहरूको अनुसन्धान गर्न नेपाल प्रहरीका निम्ति अधिकारक्षेत्रको व्यवस्था गरेको छ।

योभन्दा अगाडि पनि नेपाली सेनासँग सम्बन्धित घटनाहरूको नागरिक अधिकारीहरूले कानुनबमोजिम समुचित ढङ्गले अनुसन्धान गर्न सकेका छैनन्। डेढ वर्षभन्दा बढी समयदेखि पर्सा जिल्ला प्रहरी कार्यालयले सन् २००८ अगस्टमा महेन्द्र मरासिंगी मगरलाई गोली हानिएको घटनामा संलग्न सेनाका सुरक्षाकर्मीहरूसँग अन्तर्वार्ता लिने प्रयास असफल भएको छ। त्यस्तै, सन् २००९ नोभेम्बरमा चितवनमा सेनाको गस्तीमाथि बारम्बार ढुङ्गा प्रहार गरेको भनेपछि मारिएका राजकुमार दराईको घटनामा पनि प्रहरीद्वारा सेनाका कुनै पनि सुरक्षाकर्मीसँग अहिलेसम्म अन्तर्वार्ता लिइएको छैन। यी प्रत्येक घटनामा सेना आफैले अनुसन्धान सम्पन्न गरेको छ तर यसले नागरिक अधिकारीहरूले गर्ने आधिकारिक अनुसन्धानलाई प्रतिस्थापन गर्न सक्दैन। नेपाल सैनिक ऐन तथा अन्तर्राष्ट्रिय कानुनबमोजिम प्रहरीद्वारा गरिने अनुसन्धानमा पूर्ण रूपमा सहयोग गर्न उच्चायुक्तको कार्यालय नेपाली सेनालाई आग्रह गर्दछ।

राष्ट्रिय मानवअधिकार आयोग (आयोग) पनि आफ्नो संवैधानिक कार्यदिशअनुसार यो हालैको घटनाबारे अनुसन्धान गरिरहेको छ। फागुन २६ गतेको गस्तीमा सहभागी सबै सुरक्षाकर्मीहरूसँग अन्तर्वार्ता लिने कार्यलाई सहज बनाएरसमेत आयोगको अनुसन्धानलाई पूर्ण रूपले सहयोग गर्न उच्चायुक्तको कार्यालय नेपाली सेना तथा निकुञ्जका अधिकारीहरूलाई आग्रह गर्दछ। यसो भएमा मात्र सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग गरिएको थियो कि थिएन र भएका हत्या कानुनसम्मत थिए कि थिएनन् भन्ने कुराको उचित रूपले मूल्याङ्कन गर्न आयोग सफल हुनेछ।

नेपालको अनुपम वन्यजन्तुको संरक्षण अन्तर्राष्ट्रिय प्राथमिकता भए पनि बर्दियाको घटनाले राष्ट्रिय निकुञ्जको खाकाभित्र रहेका कानुनी, क्रियात्मक तथा जवाफदेहीतासम्बन्धी प्रावधानहरूमा भएका त्रुटिहरूलाई उजागर गरेको छ। सम्बद्ध राष्ट्रिय कानुन - सन् १९७३ को राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन - ले कुनै व्यक्तिले पक्राउबाट भाग्न कोसिस गरेको अवस्थालगायतका परिस्थितिमा तत्काल ज्यानको खतरा नभए पनि बन्दुक प्रयोगलाई अनुमति दिएको छ। यी प्रावधानहरू नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिलगायत नेपालको अन्तर्राष्ट्रिय दायित्वहरूसँग अनुकूल छैनन् र यसले कैयौं अनावश्यक मृत्युहरूमा योगदान पुऱ्याएको देखिन्छ।

**For further information contact Chun B. Gurung, Tel: 4280164, Ext. 320; 98510 16937 (mobile), E-mail: cgurung@ohchr.org**

राष्ट्रिय निकुञ्जहरूमा सुरक्षा प्रदान गर्दा बन्दुकको प्रयोगसम्बन्धी नेपाली सेनाका क्रियात्मक मार्गनिर्देशनहरूका सम्बन्धमा पनि उच्चायुक्तको कार्यालय थप चिन्तित छ। बाँच्न पाउने अधिकारको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज ऐन तथा क्रियात्मक मार्गनिर्देशनहरूलाई नेपालको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरूसँग अनुकूल बनाउने कुरालाई सुनिश्चित गर्न ती मार्गनिर्देशनहरूको तत्काल पुनरावलोकनको आवश्यकता छ।

"नेपाली सेनाका सुरक्षाकर्मी वा अन्य कुनै पनि राज्यअधिकारीहरूलाई मानवअधिकार उल्लङ्घनको आरोप लागेका अवस्थामा, नेपाल प्रहरी तथा राष्ट्रिय मानवअधिकार आयोगले सहकार्य गरेर पूर्ण, स्वतन्त्र अनुसन्धान गर्न सक्नु अत्यन्तै महत्वपूर्ण छ," नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रमुख रिचार्ड बेनेटले भन्नुभयो। "यसका अतिरिक्त, राष्ट्रिय निकुञ्ज ऐनका नेपालको मानवअधिकारसम्बन्धी प्रतिबद्धतासँग बाझिएका कुराहरूले बितेका केही वर्षहरूमा कैयौं अनावश्यक मृत्युहरू तथा चोटपटकहरूमा योगदान पुऱ्याएको देखिन्छ। सरकारले बाँच्न पाउने अधिकारलाई उचित रूपमा सम्मान तथा संरक्षण गरिने कुरा सुनिश्चित गर्न, राष्ट्रिय निकुञ्ज ऐन तथा राष्ट्रिय निकुञ्जहरूमा राज्याधिकारीहरूको कार्यसञ्चालनसम्बन्धी कार्यविधिलाई तत्कालै पुनरावलोकन गरोस् भन्ने कुरा म सिफारिस गर्दछु।"

**For further information contact Chun B. Gurung, Tel: 4280164, Ext. 320; 98510 16937 (mobile), E-mail: cgurung@ohchr.org**